देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
देवदह, रुपन्देही
५ नं. प्रदेश, नेपाल

☎ ०७१-५७७३०३, ०७१-५७७२९२, ०७१-५७७४०३

प.स.: ०७४/०७५
चलानी नं.

मिति:२०७५/०२/३

## औषधी तथा औषधीजन्य सामान खरिद सम्बन्धी शीलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७५।०२।०४

१. यस कार्यालय अर्न्तगतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा चालु आ.ब.२०७४/०७५ मा नेपाल सरकारबाट नि:शुल्क वितरण गर्न औषधी शिलबन्दी बोलपत्रद्वारा खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र फारम दस्तुर रु.१,०००।-(अक्षरुपी एक हजार मात्र)(पछि फिर्ता नहुने) तिरी खरिद गर्न चालु आ.व.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, औषधी ब्यवसायी प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न गरी रु.१०।- को टिकट टाँसी यस कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय, रुपन्देहीमा निवेदन पेश गरी बोलपत्र फाराम खरिद गर्न इच्छुक व्यक्ति वा फर्मको जानकारीको लागी यो बोलपत्र आव्हान गरिएको छ।

२. बोलपत्र पेश गर्दा कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनसम्मको १२:०० बजे भित्र आफूले खरिद गरेको बोलपत्र रीतपूर्वक भरी यस कार्यालयमा सिलबन्दी साथ दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछन्। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

४. बोलपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम दाखिला गरेको सक्कलै भौचर यस नगरपालिका कार्यालयको **एन आई सी एसिया वैंक खैरेनी शाखाको कार्यालय कोड नं. ३७-३६५-१५ धरौटी खाता नं. F6CA050811752401** मा जम्मा गरेको सक्कलै भौचर र बोलपत्र खुल्ने मिति बाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विड बन्ड) बोलपत्रसाथ पेश गर्नुपर्नेछ। विदेशी बैंकको Bank Guarantee भएमा नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ। स्वीकृत बोलपत्रदाताले स्वीकृत जम्मा अंकको ५% ले हुने रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सोही अनुसार यस कार्यालयको नाममा जारी भएको पर्फमेन्स बण्ड संझौता गर्नु अगावै पेश गर्नु पर्नेछ। नगद धरौटी राखिएकोमा पर्फमेन्स बण्डमा परिवर्तन गर्न पाइने छैन।

५. बोलपत्र स्वीकृत हुदा प्याकेजको रुपमा स्वीकृत नगरी आइटम वाईज दर स्वीकृत गर्न सकिने छ। बोलपत्रदाताले बोलपत्रका आइटम वाइज बिडिङ्ग गर्नु पर्नेछ। संझौता हुदा औषधीको परिमाणमा थपघट हुन सक्नेछ। साथै बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

६. बोलपत्र साथ आपूर्ति गर्ने औषधीहरु WHO/GMP Certify Company बाट उत्पादित भएको नविकरण गरिएको प्रमाण पत्र र औषधी ब्यवस्था बिभागबाट प्राप्त नविकरण गरिएको उत्पादन अनुज्ञापत्रको प्रमाणित प्रतिलिपिहरु अनिवार्य रुपमा पेस गर्नुपर्नेछ।

७. धुलो र झोल औषधी बाहेक संर्पूण औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ। बोतलमा आपूर्ति हुने सबै औषधीहरु प्लाष्टिक बोतलमा हुनु पर्नेछ।

८. कार्यालय हातासम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्र दाताले नै ब्यहोर्नु पर्नेछ।

९. आपूर्ति हुने औषधीको Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ। तर कुनै औषधीको Expiry Date १८ महिना भन्दा कम हुने अबस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ।

१०. सप्लाई हुने औषधी तथा अन्य सामानको प्रत्येक Strips/lebeling र प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर, उत्पादक कम्पनी र <u>नेपाल सरकार द्वारा नि:शुल्क बितरणको लागि</u> भन्ने वाक्यांश उल्लेख भएको हुनुपर्नेछ।

११. सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ४०(ङ) अनुसार बोलपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको, खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय संबन्धी कसुरमा सजाय नपाएको भनी लिखित घोषणा भएको कागजात बोलपत्र साथ पेश गर्नु पर्नेछ।

१२. विदेशी औषधीको हकमा औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ।

१३. बोलपत्रदाताले उपलब्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित बोलपत्र प्रयोजनको लागि जारी गरेको सक्कल आधिकारिक पत्र (Authorization letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै आधिकारिक पत्र पेश गर्नु पर्ने छ।

१४. एक आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाण पाईएमा त्यस्तो बोलपत्र स्विकृत गरीने छैन।

१५. बोलपत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ। केरमेट भएको खण्डमा त्यस्तो ठाउँमा आधिकारीक दस्तखत गरेको हुनुपर्नेछ।

१६. बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ।

१७. एक विक्रेताको नाममा विक्रि भएको बोलपत्र अर्को विक्रेताको नाममा दाखिला (दर्ता) गर्न पाईने छैन।

१८. बोलपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट पेश गर्नुपर्नेछ।

१९. आ.व.०७४।०७५ का लागी औषधी खरिदमा थप रकम व्यवस्था भई आएमा यसै दररेट अनुसार खरिद हुनेछ। बोलपत्रमा पेश गरेको मूल्य यस आ.व.का लागी भएकोले आ.व.०७४।०७५ आषाढ मसान्तसम्म कुनै प्रकारको मूल्यवृद्धिलाई स्वीकार गरिने छैन।

२०. बोलपत्रमा उल्लेखित औषधीको परिमाण आवश्यकताअनुसार थपघट गर्न सकिनेछ।

२१. बोलपत्र फारम खरिद गर्न स्वयं बोलपत्रदाता उपस्थित हुन नसकेमा मन्जुरीनामाबाट पनि गर्न सकिने छ तर त्यस्तो मन्जुरीनामा एक फर्मको लागी एक व्यक्तिलाई मात्र हुनेछ।

२२. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा प्रचलित नेपालको कानून अनुसार हुनेछ।

२३. बोलपत्रद्धारा खरीद गरीने औषधीको सूँची यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ।

२४. बोलपत्र सम्बन्धी अन्य आवश्यक कुराहरु बुझ्नुपरेमा कार्यालय समय भित्र कार्यालयको लेखा वा स्टोर शाखामा सम्पर्क राखी बुझ्न सकिने छ।

### तपसिल

| सि.नं | बोलपत्र नं | बिबरण | ईस्टिमेट अंक रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/०७३/०७४ | औषधी तथा औषधीजन्य सामानहरु खरिद (सूचीमा उल्लेखित) | १०,००,०००।०० | ५००००।०० | |

(हस्ताक्षर) २०७५/२/३
श्रीकृष्ण नेपाल
प्रमुख प्रशासकीय अधिकृत